Bhairahawa Campus Journal, 8(1), 2025: 86-96 ISSN: 2795-1979
DOI: https://doi.org/10.3126/bhairahawacj.v8i1.80036

Research Article

अर्को भोर सङ्ग्रहका कथामा आप्रवासीय चेतना

एकनारायण पौड्याल

Birendra Multiple Campus, Bharatpur, Chitwan, Nepal

ARTICLE INFO
Received: 21/11/2024
Accepted: 18/04/2025

CORRESPONDENCE
Eknarayan Paudyal
Birendra Multiple Campus, Chitwan, Nepal
E-mail: enpaudyal@gmail.com
ORCID: https://orcid.org/0009-0000-5375-6360

COPYRIGHT
©Research Management Cell, Bhairahawa Multiple Campus, Rupandehi, Nepal

लेखसार

प्रस्तुत लेखमा केशवराज ज्ञवाली (२०३५) द्वारा लिखित कथासङ्ग्रह अर्को भोर (२०७८) मा सङ्गृहीत कथाहरूको आप्रवासीय चेतनाका दृष्टिले अध्ययन गरिएको छ । सङ्ग्रहका चौधवटा कथामध्ये आप्रवासीय चेतना 'तीन बराबर पाँच', 'एक्वारियम', 'खत' र 'परस्युइट अफ ह्याप्पिनेस' गरी चारवटा कथामा मात्र पाइएकाले यिनै चारवटा कथाको मात्र अध्ययन गरिएको छ । नेपाली साहित्यका क्षेत्रमा आप्रवासीलाई डायस्पोरा र आप्रवासीय समालोचनालाई डायस्पोरिक समालोचना पनि भनिने हुँदा यहाँ पनि ठाउँ ठाउँमा दुवै शब्द प्रयोग गरिएको छ । आप्रवासी भन्नाले सामान्यतः विविध कारणले जन्मघरदेखि धेरै टाढा रहेका अनि उतै स्थायी बसोबास गर्न चाहने व्यक्ति भन्ने बुझिन्छ र तिनका रचनामा आप्रवासनमा देखेभोगेका सुखदुःखका यावत् कुरा समावेश भएमा त्यस्ता रचनालाई आप्रवासीय साहित्य भनिन्छ साथै त्यस्ता रचनासँग सम्बन्धित समालोचनालाई आप्रवासीय समालोचना भनिन्छ । यहाँ सोही सिद्धान्तलाई आधार बनाएर चयनित कथाहरूको अध्ययन गरिएको छ । यस अध्ययनमा प्रस्तुत कथासङ्ग्रहलाई प्राथमिक सामग्रीका रूपमा लिइएको छ भने आप्रवासन वा आप्रवासी साहित्यसँग सम्बन्धित सामग्रीलाई द्वितीयक स्रोतका रूपमा लिइएको छ र उदाहरणसहित व्याख्यात्मक तथा विश्लेषणात्मक विधि अवलम्बन गरी अध्ययन गरिएको छ । आप्रवासीय चेत भएका रचनामा अतीतस्मृति, द्वैध मानसिकता, उत्साह, हर्ष, चिन्ता, सांस्कृतिक एकताको भावना आदि विशेषता पाइन्छन् तापनि एउटै कृतिमा यी सबै विशेषता नपाइन सक्दछन् । यस अध्ययनबाट चयन गरिएका चारवटा कथामा पनि अतीतस्मृति, चिन्ता र डर, द्वैध मानसिकता र एक्लोपन वा बिरानोपनको अनुभूति गरी चारवटा मात्र प्रवृत्तिगत विशेषता पाइएको छ र प्रस्तुत विशेषताका कारण कथाहरू प्रभावकारी रहेका छन् भन्ने निष्कर्ष निकालिएको छ । यसका साथै आप्रवासीय चेतनाका दृष्टिले कथाहरू स्तरीय रहेको समग्र निष्कर्ष प्रस्तुत गरिएको छ ।

शब्दकुञ्जी: आप्रवासी; आप्रवासीय; डायस्पोरा; भोर; मातृभूमि

१. विषयपरिचय

आधुनिक नेपाली कथाका पछिल्ला चरणमा नयाँ नयाँ कथ्य र शैलीका कथा लेखिएका छन् । यस पछिल्ला अवधिमा लेखिएका कथा आदर्शवादी, सामाजिक यथार्थवादी, मनोवैज्ञानिक यथार्थवादी, प्रगतिवादी आदि प्रकारका मात्र नभई समसामयिक परिवेश र पछिल्ला साहित्यिक मान्यतालाई पक्रेर लेखिएका पनि छन् । यस्ता कथा नारीवादी, वातावरणीय, सवाल्टर्न, जनजातीय आदि साहित्यिक समालोचना पद्धतिका रूपमा स्थान पाएका र अन्तर्विषयक दृष्टिकोणबाट पनि व्याख्या-विश्लेषण गर्न मिल्ने प्रकृतिका छन् । वर्तमान समयमा आप्रवासनको क्रम संसारभरि नै तीव्र गतिमा अगाडि बढ्नाका साथै आप्रवासीद्वारा आफ्ना भोगाइलाई मार्मिक रूपमा प्रस्तुत गरिएको र त्यस्ता कृतिको विश्लेषण गर्नका लागि आप्रवासीय समालोचना पद्धतिको विकास भएकाले ती नव प्रकृतिका रचनालाई आप्रवासीय समालोचनामान्यताका आधारमा विश्लेषण गर्न उपयुक्त हुन्छ । नेपाली साहित्यमा पनि आप्रवासीय चेत भएका विभिन्न विधाका कृतिहरू प्रकाशित छन् र तिनलाई आप्रवासीय समालोचनामान्यताका आधारमा विश्लेषण गरिएको छ । आप्रवासीय चेत भएका तिनै कृतिहरूमध्येको एउटा कृति केशवराज ज्ञवाली (२०३५) को *अर्को भोर* (२०७८) पनि हो । यो कथासङ्ग्रह हो र यसमा चौधवटा कथा सङ्गृहीत छन् । तिनमध्ये चारवटा कथा आप्रवासीका पीडा, अनुभव, अनुभूतिसँग सम्बन्धित छन् । प्रकाशन भएको छोटो अवधिमा नै दोस्रो संस्करण (२०७९) का रूपमा आएकाले यो आप्रवासीय साहित्यका दृष्टिले महत्त्वपूर्ण रहेको र पाठकद्वारा रुचाइएको कृति हो भन्ने बुझिन्छ ।

सामान्यतः आप्रवासी भन्नाले मातृदेश वा जन्मभूमिदेखि विविध कारणले धेरै टाढा गएका र उतै बस्ने प्रक्रियामा समेत लागेका वा उतै बसेका व्यक्तिहरूको समुदाय भन्ने बुझिन्छ । त्यस्ता व्यक्तिहरूको शरीर उता भए पनि मन जन्मभूमिप्रति हुन्छ । उनीहरूले केही खुसी र केही विभिन्न किसिमका अप्ठ्यारा बेहोर्नुपर्ने हुन्छ । उनीहरूको यस्तो जीवनभोगाइ र मनस्थिति चित्रण गरिएको साहित्य नै आप्रवासी साहित्य हो र यस किसिमका साहित्यिक रचनाको अध्ययनसँग सम्बन्धित समालोचना आप्रवासीय समालोचना हो । ज्ञवालीको उपर्युल्लिखित कृतिका कथाहरूमध्ये 'परस्युइट अफ ह्यापिनेस', 'खत', 'एक्वारियम' र 'तीन बराबर पाँच' गरी चारवटा कथा आप्रवासीय चेतनाका दृष्टिले उल्लेखनीय रहेका छन् ।

प्रस्तुत लेखमा कथालाई आप्रवासीय चेतनाका दृष्टिले अध्ययन गरिने हुँदा गृहीत कथाहरू आप्रवासनका के कस्ता समस्याको उजागर गर्नमा केन्द्रित छन् भन्ने समस्यामा केन्द्रित छ र यसैको समाधान खोज्नु नै अध्ययनको मुख्य उद्देश्य रहेको छ । नेपाली साहित्यमा विभिन्न विधाका कृतिको आप्रवासीय चेतनाका दृष्टिले अध्ययन भएको पाइनाका साथै कथाहरूको पनि अध्ययन भएको पाइन्छ तर ज्ञवालीको प्रस्तुत सङ्ग्रहका कथाहरूको अध्ययन भएको पाइँदैन । यसरी *अर्को भोर* भित्रका कथा आप्रवासीय चेतनाका दृष्टिले उल्लेखनीय रहँदा रहँदै पनि तिनका बारेमा यसअघि अध्ययन नगरिएकाले यहाँ सोही शोधरिक्तता पूरा गर्नका लागि प्रस्तुत विषयशीर्षक चयन गरिएको छ ।

२. अध्ययन विधि र प्रक्रिया

प्रस्तुत लेखलाई व्यवस्थित रूपमा पूरा गर्नका लागि निम्नलिखितअनुसार सामग्री सङ्कलन गरिनाका साथै विश्लेषणविधि तथा सैद्धान्तिक पर्याधार अवलम्बन गरिएको छ :

प्रस्तुत अध्ययनमा पुस्तकालयलाई सामग्रीको स्रोतका रूपमा लिइएको छ । यसमा विश्लेष्य कृति *अर्को भोर* प्राथमिक स्रोतका रूपमा रहेको छ भने डायस्पोराको सिद्धान्त अर्थात् आप्रवासीय साहित्यको सिद्धान्तका बारेमा उल्लेख गरिएका लेख, पुस्तक आदि सामग्री द्वितीयक स्रोतका रूपमा रहेका छन् । यसरी प्रस्तुत अध्ययनमा प्राथमिक र द्वितीयक दुवै स्रोतका सामग्री प्रयोग गरी

अध्ययनकार्य सम्पन्न गरिएको छ । यो अध्ययन गुणात्मक प्रकृतिको रहेको छ र यसमा व्याख्यात्मक तथा विश्लेषणात्मक विधि अवलम्बन गरिएको छ । कथाको पाठ विश्लेषणका लागि आप्रवासीय समालोचना (डायस्पोरिक समालोचना) का मान्यतालाई आधार बनाइएको छ । विश्लेषणका क्रममा 'अतीत स्मृति', 'चिन्ता र डर' एवं 'द्वैध मानसिकता' गरी आप्रवासीय समालोचनाका तीनवटा सूचक तयार गरिएको छ र कथाबाट खास खास अंश उद्धरण गरी सोदाहरण प्रस्तुत गरिएको छ ।

सैद्धान्तिक पर्याधार

आप्रवास वा आप्रवासन शब्द निकै पुरानो भए पनि आप्रवासीय समालोचना नयाँ किसिमको समालोचना पद्धति हो । यो अङ्ग्रेजी डायस्पोरिक क्रिटिसिज्मको नेपाली रूपान्तर हो । यसको अध्ययन र यसलाई आधार बनाएर सिर्जनात्मक कृतिको अध्ययन गर्ने क्रम सन् १९६०/०७० का दशकदेखि थालिएको हो र सन् १९८०/०९० का दशकमा आइपुग्दा यसका बारेमा धेरै नै अध्ययन गरिएको छ । यसलाई चिनाउनमा पाश्चात्य विद्वान्हरू विलियम सफ्रान, जेम्स क्लिफोर्ड, रोबिन कोहेन आदि विद्वान्हरूको महत्त्वपूर्ण भूमिका रहेको छ । यहाँ आप्रवासी र आप्रवासीय समालोचनाका बारेमा परिचय दिइन्छ ।

आप्रवासी र आप्रवासीय समालोचना अङ्ग्रेजी शब्द क्रमशः डायस्पोरा र डायस्पोरिक क्रिटिसिज्मका नेपाली रूपान्तर हुन् । यसैले आप्रवासीको अर्थ बुझ्नका लागि सर्वप्रथम अङ्ग्रेजी शब्द डायस्पोराको व्युत्पत्तिगत अर्थ जानकारी हुन आवश्यक छ । इसापूर्व छैटौँ शताब्दीतिरदेखि प्रचलनमा रहेको ग्रिसेली भाषाको डायस्पेरिन (मष्बकउभष्चभष्ल) शब्द वारपार जनाउने डाय (मष्ब) र तितरबितर जनाउने स्पेरिन (कउभष्चभष्ल) शब्दका योगबाट बनेको हो र यसैबाट पछि डायस्पोरा शब्द बनेको हो (लुइटेल, २०७९, पृ.८) । यसले वनस्पतीय बिउ छर्नु वा छरिने कार्य भन्ने अर्थ पनि जनाउँछ (मिश्र, सन् २००७, पृ.१३) । अर्कातर्फ डायाको अर्थ देखि वा बाट र स्पेयरको अर्थ छरिनु भन्ने लाग्ने भएकाले मानवका सन्दर्भमा डायस्पोरालाई अर्थ्याउँदा कुनै एक ठाउँबाट विश्वका विभिन्न ठाउँमा छरिएर रहेका बसोबासी र तिनका अनुभव भन्ने अर्थ बुझिन्छ (गौतम, २०६४, पृ.२८०) । "यसरी डायस्पोराको व्युत्पत्तिगत र प्राचीन अर्थलाई हेर्दा वनस्पतीय बिउ छर्नु, जबर्जस्ती बाहिर पठाउनु, कुनै ठाउँबाट छुट्टिई छरिएर रहनु आदि भिन्न भिन्न अर्थ निस्केको देखिन्छ (पौड्याल, २०७०, पृ.१०८) । डायस्पोरा शब्दले सुरुमा छरिएर रहेका जुनसुकै देश र जातिलाई नबुझाएर प्यालेस्टाइनबाहिर निर्वासित जीवन बिताउने यहुदी समुदायमात्र भन्ने अर्थ बुझाउँथ्यो (लुइटेल, २०६६, पृ.१३) तर आजभोलि डायस्पोरा शब्दको अर्थ विस्तार हुनाका साथै यसले विशिष्टीकृत शब्दको रूप लिएको छ । आज यसले जुनसुकै जाति भए पनि एक मातृदेशका व्यक्तिहरू अन्य देशहरूमा छरिएर बस्नु भन्ने अर्थ दिन्छ । यसले परम्परागत वासस्थानबाट विदेशी भूमिमा छरिएर रहेका व्यक्तिहरूको सामूहिक संरचना (आइसर, सन् २०००, पृ.१) भन्ने जनाउनाका साथै जनाजाति, भाषा, संस्कृति आदि भिन्न भएका मुलुकमा स्थायी वा अस्थायी रूपमा बस्ने समुदाय भन्ने अर्थ जनाउँछ । वर्तमानमा मातृभूमि छोड्नाको कारण यहुदीहरूको जस्तो वाध्यात्मक मात्र नभएर स्वैच्छिक पनि हुने गरेको छ । केही समययता बसाइँ सर्नाका अनेक कारण देखिएका छन् । युद्ध, आतङ्क, भोकमरी, गरिबी, यौनदुराचार, लाञ्छना, हेलत्व, जातिगत पतन, बदमासी, सम्पन्नताको चाहना र नयाँ नयाँ सम्भावनाको खोजीजस्ता कारणहरूले गर्दा व्यक्तिहरू बसाइँ सर्ने गरेका छन् अर्थात् डायस्पोरा बनेका छन् । निचोडमा भन्दा एउटा मुलुकबाट भाषा, संस्कृति आदि कुरा भिन्न भएको र टाढा रहेको मुलुकमा बसे तापनि आफ्नो सांस्कृतिक पहिचानको संरक्षण, पुर्ख्यौली संस्कृतिप्रति विश्वास, संरक्षण र अनुसरण, पुर्ख्यौली देश, समाज र संस्कृतिसँग अविछिन्न सम्बन्ध कायम, जन्मभूमिप्रेमजस्ता डायस्पोरिक चेतनाका साथ स्थायी बसोबास गरेको समुदाय नै डायस्पोरा हो (लुइटेल, २०७९, पृ.२१) । डायस्पोरा भौतिक शरीरमात्र नभएर चेतना पनि हो । यसले दुई वा सोभन्दा बढी संस्कृतिको सहअस्तित्वलाई जनाउँछ (नाइमन,

सन् २००९, पृ.१०) । यसैलाई नेपालीमा आप्रवासी भनिन्छ । हुनता आप्रवासीको सम्बन्ध देशमा प्रवेश गर्नुसँग मात्र हुने र डायस्पोराले प्रवेशका अतिरिक्त सांस्कृतिक अन्तरमिश्रणसहित स्थायी बसोबासको प्रबल आकाङ्क्षालाई पनि देखाउने हुँदा डायस्पोराको अर्थ आप्रवासी शब्दले बहन गर्न नसक्ने बताइएको पाइन्छ (एटम, २०६७, पृ.२९) तापनि नेपालीमा आप्रवासीलाई हालसम्म डायस्पोराकै अर्थमा प्रयोग गरिएको देखिन्छ ।

नेपालीमा डायस्पोरा र आप्रवासी शब्द बराबरजस्तै गरी प्रयोग भएका देखिन्छन् । डायस्पोरिक वा आप्रवासीयलाई गैरआवासीय पनि भनेको पाइन्छ तर नेपालीमा डायस्पोरावा आप्रवासी र डायस्पोरिक वा आप्रवासीय शब्द बढी प्रचलनमा रहेका छन् । तिनै आप्रवासी वा डायस्पोराद्वारा लिखित साहित्यलाई आप्रवासी साहित्य भनिन्छ । विदेशमा निश्चित समय व्यतीत गरेर जन्मभूमि आएका वा उतै बसेका व्यक्तिले लेखेका साहित्यलाई आप्रवासी साहित्य भनिँदैन, आप्रवासी साहित्य हुनका लागि उनीहरूका पीडा, अनुभव र अनुभूति व्यक्त गरेर लेखिएको हुनुपर्दछ । आप्रवासनको पहिचान र विशेषता बताउने क्रममा विलियम साफ्रनले बताएका कुरा साहित्यमा आएका छन् भने त्यस्तो साहित्यलाई आप्रवासी साहित्य वा डायस्पोरिक साहित्य भनिन्छ । साफ्रनले डायस्पोराको परिचय दिँदै भनेका छन् कि उनका पुर्खाहरू मातृदेशबाट दुई वा बढी विदेशी भूमिमा छरिएका हुन्छन्; सामूहिक सम्झना, दृष्टिकोण र आफ्नो मूल भूमिको मिथक ग्रहण गरिरहेका हुन्छन्; उनीहरूले आफूहरूलाई आतिथेय समाजले पूर्ण रूपमा विश्वास गर्न सक्दैन भन्ने ठान्दछन् र एक्लिएको तथा अपहेलित भएको महसुस गर्दछन्; मातृभूमिलाई वास्तविक घरका रूपमा लिन्छन् र अन्ततः सन्तति आफ्नो पुर्ख्यौली घरमा फर्कनेछन् भन्ने कुरामा विश्वास गर्दछन्; जन्मभूमिको सुधार र समृद्धिका लागि प्रतिबद्ध हुनुपर्दछ भन्ने कुरामा विश्वास गर्दछन् र आफ्नो जातीय चेतना र ऐक्यबद्धतालाई महत्त्वपूर्ण स्थान दिन्छन् (मिश्र, सन् २००७, पृ.१६-१७) । यसैले उनीहरूद्वारा सिर्जित साहित्यमा पनि उत्सुकता र उत्साह, हर्ष र रोमाञ्च, चिन्ता र पीडा, विभाजित मानसिकता, अतीतस्मृति वा अतीतमोह, सामाजिक-सांस्कृतिक भावनात्मक एकताको निर्माण (लुइटेल, २०७९, पृ.१०२-१३४) जस्ता कुरा अभिव्यक्त भएमा मात्र त्यसलाई आप्रवासीय साहित्य भनिन्छ र आप्रवासीय समालोचनाले यस्तै प्रकारका रचनाको अध्ययन गर्दछ । सामान्य अर्थमा आप्रवासी साहित्य भन्नाले मातृदेशदेखि बाहिर रहेका व्यक्तिद्वारा लिखित सबै किसिमको साहित्य भन्ने बुझिए पनि विशिष्ट वा वास्तविक अर्थमा यसले आतिथेय भूमिमा बस्नपर्नाको बाध्यता र मातृदेशको अतीतमोहले पिरोलिएका व्यक्तिबाट सोहीअनुसारको भाव व्यक्त गरी सिजर्ना गरिएको साहित्य भन्ने बुझिन्छ । यस्तो साहित्य द्वैध मानसिकता भएका व्यक्तिबाट सिर्जिइन्छ । यस्तो अवस्थामा सर्जक एकातिर आतिथेय देशको भौतिक सुख र त्यहाँको भाषा, संस्कृति आदि पक्षमा घुलमिल हुन थालेको हुन्छ भने अर्कातिर ऊ आफू अल्पमतमा भएको महसुस गर्दछ र सधैँ असुरक्षा, भय एवं मानसिक रूपमा पीडाबोध गर्दै मातृदेश सम्झेर बस्दछ । ऊ त्यस ठाउँलाई छोडेर फर्कन पनि सक्दैन र मातृदेशको संस्कृति, नातागोता, साथीभाइ आदि बिर्सन पनि सक्दैन । ऊ मिश्रित संस्कृतिमा बाँचिरहेको हुन्छ । यही द्वैध मानसिकता व्यक्त भएको साहित्य नै आप्रवासीय साहित्य वा डायस्पोरिक साहित्य हो । यस्तो मानसिकता दुईचार महिना वा वर्ष बिदेसिने व्यक्तिमा भन्दा स्थायी रूपले धेरै वर्ष बसेका वा बस्न चाहने व्यक्तिबाट मात्र सम्भव हुने हुँदा आआफ्नो देशअनुसार कानुनले जतिसुकै दिनलाई आप्रवासन तोके पनि मानसिकताले धेरै वर्षको बसाइलाई बुझाउँछ । यसरी आप्रवासीको पीडा, अनुभूति, आत्मपहिचान र अस्तित्वको खोजी आदि पक्षहरू प्रतिबिम्बित भएको साहित्यलाई आप्रवासीय साहित्य भनिन्छ र यस्ता साहित्यिक रचनासँग सम्बन्धित समालोचनालाई आप्रवासीय समालोचना भनिन्छ (गौतम, २०६७, पृ.३९१) ।यो खासमा एक देशबाट छुट्टिई विश्वका विभिन्न क्षेत्रमा छरिएका जनसङ्ख्या र तिनको संस्कृतिको अध्ययन गर्ने वैचारिक सिद्धान्त हो (हुवा, सन् २००५, पृ.१९१) । नेपालीम पनि आप्रवासनका विविध विषयलाई लिएर सिर्जनात्मक कृति लेखिएका छन् र तिनलाई आप्रवासीय समालोचनामान्यताका आधारमा अध्ययन पनि गरिएको छ । पछिल्ला केही दशकयता

विश्वसाहित्यमा नै आप्रवासीसँग सम्बन्धित साहित्य, संस्कृति आदि अनेक विषयक्षेत्रको अध्ययन विस्तार भइरहेको छ (भट्टराई, २०६४, पृ.११८) र यसको अध्ययन पनि आप्रवासीय समालोचनाले गर्दै आइरहेको छ ।

३. विमर्श र परिणाम

चयनित कथासङ्ग्रह *अर्को भोर*मा 'तीन बराबर पाँच', 'रामकथा', 'मास्क', 'ब्ल्याकहोल', 'उज्यालो : एउटा प्रस्थान बिन्दु', 'रुख र चराहरू', 'लय', 'एक्वारियम', 'खत', 'सुगन्ध', 'मिल्खु', 'काकबन्ध्या', 'परस्युइट अफ ह्याप्पिनेस' र 'बेजुबान' गरी चौधवटा कथा रहेका छन् । ती कथामा नेपाल र अमेरिकाको वर्तमान युगजीवनका सामाजिक, आर्थिक, पारिवारिक, राजनीतिक आदि क्षेत्रका सुसङ्गतभन्दा पनि विसङ्गतपूर्ण अवस्थाको चित्रण गरिएको छ । कतिपय कथा मनोविज्ञानका दृष्टिले पनि उल्लेखनीय रहेका छन् । कथामा स्वैरकल्पना, नाटकीयताजस्ता विशेषता पनि पाइन्छन् । सङ्ग्रहमा चौधवटा कथा भए पनि आप्रवासीय चेतनाका दृष्टिले 'परस्युइट अफ ह्यापिनेस', 'खत', 'एक्वारियम' र 'तीन बराबर पाँच' गरी जम्मा चारवटा कथा उल्लेखनीय रहेका छन् । प्रस्तुत कथाहरूलाई आप्रवासी साहित्यमा पाइने निम्नलिखित विशेषताका आधारमा अध्ययन गरिएको गरिन्छ :

अतीत स्मृति

विवेच्य कृति *अर्को भोर*मा अतीतस्मृतिसँग सम्बन्धित आप्रवासीय चेतना पाइन्छ । कथामा अतीतस्मृति स्थानिक र पारिवारिक गरी दुई प्रकृतिकादेखिन्छन् । तिनमध्ये स्थानिक अतीतस्मृतिका कथामा पात्रले आफू जन्मेको एवं आफ्ना पितापुर्खा बसेको स्थान बिर्सन नसकेको अभिव्यक्ति पाइन्छ । आफू धेरै टाढा भएका कारण वा इच्छित भूमिमा बस्दा विभिन्न कठिनाइ भएका कारण चाहेका बेला जन्मस्थान फर्किन नसकेकामा दुःख व्यक्त गरिएको छ । जन्मभूमि पुग्न नसके पनि त्यस ठाउँको याद आइरहने कुरा पात्रद्वारा व्यक्त गरिएको छ । 'तीनबराबर पाँच' कथा पूर्णतः आप्रवासनका पीडामा आधारित नभए पनि यसमा मुख्यपात्र (म) द्वारा स्थानिक अतीतस्मृतियस किसिमबाट व्यक्त गरिएको छ :

> म हावामा उडेका फोकाहरूको पछि आँखा दौडाउँछु । मनभरि फोकाहरू उड्छन् सम्झनाका । बिना कुनै प्रसङ्ग अनेक अनेक सम्झनाको पछि दौडिन्छु म । यही त एउटा काम छ । सम्झिन्छु, बाजुरा मार्तडीको सेरोफेरो । हुलका हुल घण्टी बजाउँदै हिँडेका खच्चरहरू । हामी त्यो भीड छिचोल्दै पुग्थ्यौं बजारको टुप्पोसम्म । म त सानै थिएँ, बाजुरा छोड्दा । (पृ.२)

अमेरिका गएको पात्र काममा लागिनसकेका अवस्थामा त्यसै बसिरहँदा उसका अगाडि एकजना बालकले साबुनबाट उठ्ने फिँजको फोकाजस्तै फोकाहरू उडाइरहेको हुन्छ । ती फोकाहरू हावामा उडिरेको देखेर मपात्रका मनमा सम्झनाका फोकाहरू त्यसरी नै उडिरहेका हुन्छन् । यस क्रममा ऊ जन्मस्थान सम्झनपुग्दछ । उसको शरीर अमेरिका भए पनि मनभने जन्मभूमिमा छ ।

कथामा स्थानिक मात्र होइन, टाढा रहेका परिवारका सदस्यको सम्झनासँग सम्बन्धित पारिवारिक अतीतस्मृति पनि पाइन्छ । काम, दाम, माम, प्रतिष्ठा आदि कुराका खोजीमा दूरदेश पुगेका व्यक्ति आफूले चाहेका समयमा आफन्तजनसँग भेटघाट गर्न सक्दैनन् । यस अवस्थामा उनीहरूले परिवारका सदस्य, आफन्तजन तथा साथीभाइले गरेको सहयोग, माया र प्रेम सम्झनपुग्दछन् । यस्तै अवस्थाको चित्रण 'तीन बराबर पाँच' कथामा पाइन्छ । यसको एउटा उदाहरण जस्तै :

> सुत्नुअघि सधैँ घुस्थेँ बाको काखमा र सोधिरहन्थेँ मनभरिका प्रश्न । मेरा बाले नजानेको केही छैनजस्तो लाग्थ्यो त्यतिबेला । म पनि ठुलो हुन्छु र बाजस्तै हुन्छु । मेरा बा चन्द्रवीर तिरुवा, जिल्ला हुलाक कार्यालय पियन । ... प्रस्टै सम्झिन्छु त्यो

> दिन । स्कुलबाट घर फर्किंदा घरको आँगनभरि मान्छे देखें । माथिल्लो टोलका महेन्द्र र अरूले बालाई घेरा हालेका थिए । उनीहरू कराएको आवाज पर परसम्म पुगेको थियो । त्यो आवाज पछ्याउँदै आइपुगेका थिए रमितेहरू केटाकेटीहरू । (पृ.२)

अमेरिका पुगेको मपात्रलाई बाल्यकालमा बासँग सुतेको, गफ गरेको, प्रश्न सोधेको, बाजस्तै बन्ने सपना देखेको, एउटा विषयलाई लिएर घरमा गाउँ-छिमेकीहरू जम्मा भएको आदि कुराको याद आइरहेको छ । विगतको सुखद क्षणमा पुग्दा आनन्द त आएको छ तर बासँग भेट गर्न वा मातृभूमि फर्किने अवस्था नरहेकामा मपात्र सुखीभन्दा पनि बढी दुःखी छ । यस किसिमको अतीतस्मृति (नोस्टाल्जिया) अन्य कथामा पनि पाइन्छ ।

चिन्ता र डर

प्रस्तुत सङ्ग्रहभित्र चिन्ता र डरसँग सम्बन्धित घटनासन्दर्भ पनि आएका छन् । चिन्ताका कारण धेरै हुन सक्दछन् जस्तै, जागिर पाइन्छ कि पाइँदैन, कस्तो जागिर पाइन्छ, जागिरका क्रममा आइपर्ने समस्याको समाधान गर्न सकिन्छ कि सकिँदैन, भाषा बुझ्न सकिँदैन कि, पैसा कति मिल्ने हो आदि । नयाँ भूमिमा यसरी आर्थिक, भाषिक, सामाजिक', सांस्कृतिक, राजनीतिक, मनोवैज्ञानिक, स्थायित्व, अधिकार, स्वाभिमान आदि धेरै कुराको चिन्ता र डर हुन्छ । यिनमध्ये केही कुराको प्राप्ति भए पनि र कतिपय कुरामा डर हटे पनि कुनै न कुनै किसिमको समस्याभने रहिरहेको हुन्छ र त्यसले निम्त्याउने चिन्ता सधैँभरि रहन्छ । यस सङ्ग्रहका कथाका पात्रमा पनि चिन्ता र डर रहेको पाइन्छ । 'तीन बराबर पाँच' कथाबाट यसको एउटा उदाहरण यथा :

> बाटोमा रहेशले भने, देवी दाइ एकदम सहयोगी छन् । उनीसँगै काम भएपछि त एकदम सजिलो हुन्छ । अब यसो समय मिलाउनुस् गाडी सिक्न । गाडी र काम भएपछि, बाँकी अमेरिका आफैँ सिकिन्छ । मैले केही भनिनँ । मुस्कुराएँ मात्र । मनमा चाहिँ अली डराएको थिएँ, आफ्नो अङ्ग्रेजी त्यही हो, आइ, एस्, इज,इज माने हो; छ भनेर कक्षा चारबाट सुरु गरेको ।बल्ल बल्ल आइ ए पास गर्नेभन्दा पर पुगेको थिएन । बाहिर भने केही नभएको जस्तो गरिरहेको थिएँ । डेरामा पुगेँ र बेडमा पल्टेँ । नौलो अनुभूति, भोलिदेखि काम नितान्त नयाँ ठाउँमा । भर्खर जन्मेको बच्चाजस्तो । सिक्नु छ बोल्न, हिँड्न, खान सबै सबै । छिटोभन्दा छिटो । (पृ.८)

अपरिचित मुलुकमा गएको मपात्र काममा त लाग्ने भएको छ तर उसलाई मनमा धेरै प्रकारको डर र चिन्ता छ । मुख्य चिन्ता भाषाको छभने हिँड्ने, खाने आदि कुराको पनि चिन्ता छ । काम पाएर पनि राम्रोसँग गर्न सकिँदैन कि भन्ने डर पनि छ र फेरि त्यसै बेरोजगार भएर बस्न पर्‍योभने के गर्ने भन्ने चिन्ता पनि छ । नयाँ मुलुकमा गएपछि जतिसुकै टाठोबाठो व्यक्ति पनि बच्चाजस्तो सिकारु हुन्छ । यहाँ पनि मपात्र त्यस्तै भएको छ । यस्तै 'खत' कथामा आफूले आमाका लागि केही गर्न बाँकी राखेकामा र आमाको मृत्यु हुँदासमेत जन्मभूमि जान नसकेकामा श्रवण नामको पात्रले आफ्नो चिन्ता र पछुतो यसरी व्यक्त गरेको छ :

> श्रवणले आफ्नो गला साफ गर्‍यो र बोल्यो, 'दाइ त्यो रात भुइँमा पल्टिएर मैले सम्झिरहेँ आमालाई । सोचेँ, म आमासँगै भएको भए । म आमाको टाउकोनेरै बस्दो हुँ । उनलाई छुँदो हुँ पटक पटक । उनको चितामा आगो लगाउँदो हुँ । शोकमग्न बस्दो हुँ झोक्राएर, आफ्ना मान्छेको वरिपरि । .... गएको दुई वर्षदेखि म त्यही सोचिरहन्छु दिनरात । दाइ मैले ती सबै कर्मकाण्ड गरेको भए आमालाई केही फरक पर्थ्यो वा पर्दैनथ्यो म त्यो जान्दिनँ । मेरी आमाले मसँग कहिल्यै केही मागिनन् । केही आस गरिनन् । मैले बेस्सरी पढेहुन्थ्यो भन्ने चाहना बाबुको थियो । थुप्रो पैसा कमाउने

> इच्छा मेरो थियो । आमाले एकदुईपटक भनेकी थिइन्, 'छोराले मलाई दागबत्ती देला, मेरो क्रिया गर्ला ।' मैले आमाको जीवनभरिको आशा उनको अन्तिम इच्छा पूरा गर्न सकिनँ । (पृ.१४८)

कथामा श्रवणले आमा जीवित छँदा नै गर्न आवश्यक ठानेका केही कर्म गर्न नसकेकामा र दिवङ्गत भइसकेपछि पनि आमाले अपेक्षा गरेअनुसार दागबत्ती दिन र काजक्रिया गर्न असमर्थ भएकामा दुःख प्रकट गरेको छ । आमाको इच्छा पूरा गर्न नसकेकामा चिन्तित छ । ऊ भोलिका दिनमा जतिसुकै भौतिक रूपमा सम्पन्नशाली भए पनि यस चिन्ता र पछुतोले उसलाई सधैँ दुःखी बनाइरहनेछ ।

सङ्ग्रहको तेह्रौँ कथा 'परस्युइट अफ ह्याप्पिनेस'मा चिन्ताग्रस्त पात्रको मानसिकता र व्यवहारलाई उजागर गरिएको छ । यसमा बेरोजगारी र यसबाट उत्पन्न आर्थिक समस्याले पारेको चिन्ता देखाइएको छ । यो कथा पनि अमेरिकामा बस्ने आप्रवासीसँग सम्बन्धित छ । यसमा अमेरिकाका तेस्रा राष्ट्रपति थोमस जेफर्सनलाई उपस्थित गराई बेरोजगार पात्रले आफ्नो समस्या यसरी प्रस्तुत गरेको देखाइएको छ :

> मेरो काम नभएको आज दुई हप्ता भइसकेको छ ।मैले यो कुरा श्रीमतीलाई भनेको छैन । गएको दुई हप्तादेखि म हरेक दिन बिहान घरबाट निस्कन्छु र कतै बसेर दिनभर कामका लागि निवेदन हाल्छु । त्यसले पैसाको कमीमा मात्र समस्या पारेको छैन । अब छिटै काम भेटिनँ भने मेरो भिसाको स्ट्याटस बिग्रिनेछ । त्यसपछिका समस्या कति कति । महाशय, खुसीको खोजीमा भिसा स्ट्याटसको चक्करले साह्रै गाह्रो परेको छ । .... मिस्टर प्रेसिडेन्ट यो समस्या सायद छिटै समाधान पनि होला । तर यो 'सायद'को मूल्ययति चर्को छ कि मैले यो दुई हप्तामा मेरो बैङ्कको खाता कैयौँपटक हेरेको छु । क्रेडिट कार्डको लिमिट मिल्नेजति बढाएको छु । डर लाग्छ, यो दुर्लभ खुसीको चुली चढ्नुको साटो म झन् झन् गहिरो खोँचमा ओर्लँदै छु । यो ओर्लिने क्रम कहालीलाग्दो र एकाङ्गी छ । गएको पाँच वर्षमा म मेरा कुनै आफन्तको दुःखमा सरिक भएको छैन । टाढा छुटेका आफ्ना मान्छेहरू डाँको छोडेर रुँदा, दुई थोपा आँसु मिसाएको छैन । म मेरा आफन्तको सुखमा सिरक भएको छैन । (पृ.२०६)

कथाको मपात्र अमेरिकाको प्रशंसा र 'स्वतन्त्रताको घोषणा' सुनेर त्यस मुलुकमा गएको हो । ऊ त्यहाँ श्रीमतीसहित बस्दै आएको छ । ऊ जुन कुरा सुनेर र सोचेर गएको थियो त्यो नपाएपछि चिन्तित छ । खुसीका लागि गएको भए पनि उसले अहिलेसम्म दुःख मात्र पाएको छ । कामको कुनै निश्चितता छैन । त्यसैले अहिले ऊ दुई हप्तादेखि बेरोजगार छ । उसलाई पैसाको अभाव हुँदै गएको छ, भिसाको स्ट्याटस बिग्रिँदै छ, क्रेडिट कार्डको लिमिट मिल्नेजति बढाउनुपरेको छ र आफन्तहरूकहाँ दुःख वा खुसीका बेला साथ दिन सकेको छैन । यी सबै कारणले गर्दा ऊ धेरै चिन्तित छ । यो सबै अवस्था श्रीमतीलाई जानकारी हुन्छ कि भन्ने चिन्ता पनि उत्तिकै छ । यसरी खुसी खोज्दाखोज्दै ऊ अझ दुःखमा गडेको छ ।खासगरी ऊ आर्थिक कारणले चिन्तित छ । यसै कथाबाट अर्को एउटा उदाहरण :

> म बेडरुममा जाँदा नानी दुध खाएर आमाको काखमा निदाइरहेको थियो । मैले श्रीमतीको अनुहारमा हेरेँ । उसका आँखा भरिएका थिए ।
>
> छोड्ने नै हो त यसलाई । डे केयरमा राखौँ न ।
>
> कस्तो महँगो छ । तिमी पनि भर्खर अमेरिका सिक्दै छौ । अलि खर्च धान्न गाह्रो पर्छ कि ? म भन्छु बिस्तारै ।

> बा, आमालाई यतै बोलाऔँ । ऊ बाटो खोजिरहेकी छ ।
>
> भिसा दिने, नदिने ठेगान हुँदैन । दिइहाले पनि धेरै बस्न गाह्रो हुन्छ ।
>
> यसरी ऊ समाधान दिन खोजिराख्छे । म उसको समाधानमा समस्या देखाइरहन्छु । मनमा एक लहर उठ्छ प्रेमको । थप दुखाउन मन लागेन उसलाई । आफू कामबाट निकालिएको कुरा भोलि भनूँला । आजलाई यति पीडा काफी छ । उसका आँखा पुछिदिएँ । निधारमा माया गरेँ र भने, ढिलो भो अब सुतौँ । (पृ.२११)

पराइभूमिमा आर्थिक सङ्कट परेपछि त्यसले परिवारका सबै सदस्यलाई प्रभाव पर्दछ । जो मुख्य कमाइधमाइ गर्ने व्यक्ति हो उसलाई यसले अझ धेरै प्रभाव पारेको हुन्छ । प्रस्तुत कथामा पनि श्रीमान्को कमाइ नभएका कारण ऊ त चिन्तित छ नै उसकीश्रीमती पनि चिन्तित देखिन्छे । अमेरिकामा नेपालमा जस्तो बालबालिकालाई बेवास्ता गर्न पाइँदैन । उनीहरूको शिशु छ र त्यसलाई हेरचाह गर्ने अर्को व्यक्ति नभएका कारण पनि कमाइमा अप्ठ्यारो परिरहेको छ । त्यसैले उसकी श्रीमतीले आफ्नो शिशुलाई कि डे केयरमा राख्ने कि बाआमालाई बोलाउने प्रस्ताव राख्दछे तर डे केयरमा राख्दा पैसा धेरै लाग्ने र बाआमालाई बोलाए पनि आउन पाउने वा नपाउने कुनै निश्चितता नहुने र प्रवेशाज्ञा पाइहाले पनि उनीहरूबाट सोचेजस्तो सहयोग नहुन सक्दछ । यसैले कथाको पुरुषपात्र जति नै कोसिस गर्दा पनि चिन्ताबाट मुक्त हुन सकेको छैन र यस किसिमको चिन्ता आप्रवासीको दिनचर्यासँग मात्र सम्बन्धित छ ।

द्वैध मानसिकता

मन एकातिर र शरीर अर्कातिर भएपछि मानसिक द्वन्द्व बढ्दछ । त्यसपछि व्यक्तिले यसो गर्दा ठिक हुन्छ कि उसो गर्दा ठिक हुन्छ भनी सोच्दासोच्दै ऊ द्वन्द्वमा फसिसकेको हुन्छ अनि समस्याको समाधान पनि निस्कँदैन । प्रस्तुत सङ्ग्रहका कथामा पनि पात्रहरूले यस्तो अवस्था भोगेका छन् । 'तीन बराबर पाँच' कथाको मुख्यपात्रले पनि यो अवस्था भोगेको छ । यस कुराको साक्ष्यका लागि कथाबाट एक अनुच्छेद जस्तै :

> कोसिस गर्छु सबै बिर्सूँ र बाँचूँ । मनमा जति पीडा खपे पनि संसार उस्तै छ । मात्र मेरा आँखा र मैले देख्ने संसार उदास छ । समयले बिस्तारै पखाल्दै लैजाला यो कालीमा र फेरि रङ्गिन होला जीवन । त्यही झिनो आसमा अहिलेको मलिन समय बाँच्न बाध्य पारेको छु आफैँलाई । जतिपटक घर सम्झिन्छु । घर भन्नु आमा र भाइ । लाग्छ सबै छोडेर दौडेर पुगूँ त्यहीँ र ग्लाम्लाङ्ग अँगालो हालूँ । तर सक्दिनँ, जीवनलाई व्यावहारिक हुनुको पर्खालभित्र कैद गरेको छु । यहाँ केही समय बसेँ भने केही पैसा कमाउँला । त्यो पैसाले आमाको, भाइको दुःख कम गर्ला । त्यही आशामा चुहिने गाग्रोबाट थोपा थोपासरि चुहिरहेछ बहुमूल्य समय । दिनदिनै रित्तिँदै गएजस्तो लाग्छ आफू । (पृ.११)

मपात्रका पिताको मृत्यु भएको खबर आएका कारण ऊ चिन्तित छ । उसलाई काममा जान पनि त्यति मन लागेको छैन । उसलाई घरको याद आएको छ । उसलाई घर भनेको आमा र भाइ हुन् भनेजस्तो लाग्छ । उसलाई उडेसरि घरमा पुगेर आमाका काखमा रुन मन छ तर सक्दैन । एक मनले जाऊँ त भन्छ तर तत्काल हिँडिहाल्न सक्दैन । उसको अर्को मनले सोच्दछ कि यसरी आवेगमा आएर घर गएर के फाइदा बरु केही समय बसेर पैसा कमाइयो भने त्यसले आमा र भाइको इच्छा पूरा गर्न सकिएला । ऊ यही आसमा बाँचेको छ । यसरी आप्रवासीमा पटक पटक आइरहने समस्या र त्यसले उत्पन्न गर्ने द्वैध मानसिकतालाई यस कथामा निकै मार्मिक रूपमा चित्रण गरिएको छ ।

सङ्ग्रहको अर्को कथा 'खत'मा पनि पात्रमा द्वैध मानसिकता रहेको देखिन्छ । यस कथामा आमाको मृत्युको खबर आएको छ र ऊ नेपाल कसरी फर्कने, फर्कने कि नफर्कने आदि कुराको निर्णय गर्न नसकी द्विविधामा परेको छ । कथाअनुसार श्रवण नाम गरेको पात्र शरणार्थीका रूपमा अमेरिका पुगेको छ र केही समय काम गरी पैसा पनि कमाएको छ । उसको निकट भविष्यमा ग्रिन कार्ड हुनेवाला छ । ऊ भारतीय मूलको मालिकको ग्याँस स्टेसनमा काम गर्दछ मालिकले उसलाई एक वर्षपछि नाफाको बिस प्रतिशत दिन्छु भनेको छ तर यसैबेला आमाको मृत्यु भएकाले ऊ दोधारमा परेको छ । यतिबेला काम छोडेर जाओस् भने आर्थिक रूपमा धेरै क्षति बेहोर्नुपर्दछ र आमाको मृत्यु हुँदा पनि नजान मन मानिरहेको छैन । यसैले श्रवण नामको पात्र आफ्नो असहज अवस्थालाई यसरी व्यक्त गर्दछ :

> दाइ तपाइँलाई त थाहै छ, अमेरिकामा सबै ग्राहकलाई धन्यवाद भन्ने र मुस्कुराएर बिदा गर्ने चलन छ ।म भने मनभरि सम्भिरहेँ आमालाई । जो चितामा सुतेकी होलिन् । म भने सामान बेचिरहेँ, सामान्य व्यवहार गरिरहेँ । मैले रुन पाइनँ । मेरो वरिपरि कोही थिएन जसले मलाई सम्भाओस्, भनोस् 'धैर्य गर, सबैलाई पर्छ यस्तो ।' श्रवण एकैछिन रोकियो ।
>
> पन्ध्र मिनेटपछि बालाई फोन गरेर सोधेँ, 'बा म के गरूँ ?' बाले लामो सास फेरेको आवाज मात्रै आयो ।
>
> बा, म आउँछु मैले फेरि भनेँ ।
>
> 'त्यसै दौडेर के गर्छस् । एकछिन हतार नगर,पछि सल्लाह गरौँला ।'
>
> मैले के गर्नुपर्छ बा ।
>
> 'जे सक्छस् त्यही गर्नू । जे जानेको छस् त्यही गर्नू ।' (पृ.१४४)

यस भनाइबाट श्रवण अन्यमनष्क भएको बुभिन्छ । उसले त्यहाँको नियमअनुसार ग्राहकलाई धन्यवाद दिनुपर्दछ तर आमाको मृत्युको खबरका कारण धन्यवाद भन्न सकिरहेको छैन । न व्यापार छोड्न सकेको छ न जन्मभूमि फर्किन । ऊ आफ्नै अनिर्णयको बन्दी भएको छ । यसैले निर्णयका लागि उसले बालाई सोध्दछ । यसरी श्रवण ग्रिन कार्डको प्रक्रिया, धन आर्जन, जन्मभूमि फर्केर आमाको काजक्रियामा सरिक, स्वयम् निर्णय गर् भन्ने बाको भनाइ आदि कुन काम गर्ने, कुन नगर्ने भन्नेमा ऊ द्विविधामा परेको छ । उसको मन विभाजित भएको छ ।

एक्लोपन वा बिरानोपनको अनुभूति

एउटै देशभित्र र उही जातिमा पनि स्थानअनुसार भाषा, संस्कृति, चालचलन आदि फरक फरक हुन्छ भने धेरै टाढाको देशमा नहुने कुरै भएन । समाजमा कुनै पनि कुरा मिल्दैन भने समाज समाजजस्तो लाग्दैन । एक्लै बसेजस्तो लाग्दछ । अभ्र घरपरिवारभित्रै यो समस्या छ भने परिवारका सबै सदस्य आफूलाई एक्लो महसुस गर्नाका साथै भौतिक सुख भए पनि जीवन कष्टपूर्ण भएको महसुस गर्दछन् । यस्तो अवस्थामा व्यक्तिले घरपरिवारका सदस्य र समाजमा बसे पनि एक्लो भएको महसुस गर्दछ । आतिथ्य भूमिमा सबै कुराको सम्पन्नता भए पनि आफूलाई बिरानोपनको महसुस गर्दछ । प्रस्तुत सङ्ग्रहका कथामा पनि पात्रले एक्लो वा बिरानो महसुस गरेको परिस्थिति चित्रण गरिएको छ । 'एक्वारियम' शीर्षकको कथामा कमलकी आमाले यस्तै महसुस गरेकी छन् भन्ने कुरा बताइएको छ, जस्तै :

> खानेकुरा छुट्टै, सुत्ने कोठा छुट्टै । छुट्टिएर बसेजस्तो । एक्लै त उनी पहिले पनि बसेकी हुन् । कमलका बाबु बितेपछि भने लागेको हो अब एक्लै भएँ । त्यहाँ एक्लिनु र यहाँ एक्लिनुमा कति फरक । उता एक्लै हुँदा पनि वरिपरि मान्छे भएभैँ हुन्थ्यो । रिडीबजार, कालीगण्डकीमा शरीर बिसाउन आएका कल्पवासीहरू । अनि महिनैपिच्छे आउने मेलापर्व र त्यसले ल्याउने मान्छेहरू । खै कहिले पो एक्लै भएँ र ? बाटोले चिनेजस्तो लाग्ने, रुखले, हावाले चिनेजस्तो लाग्ने । आफ्नैजस्तो । नजिकैजस्तो ।
>
> यहाँ त सबै आफ्ना छन् वरिपरि । तर पनि घना जङ्गलमा एक्लै बसेजस्तो हुन्छ । सोच्दा सोच्दै दिग्दार लागेर आउँछ । आखिर उनलाई चाहिएको के हो ? आफैँलाई सोच्छिन् कहिलेकाहीँ । केही असुविधा छैन । तैपनि मन बेचैन भइरहन्छ । (पृ.१३१-१३२)

कमलकी आमा छोरासँगै आतिथ्यभूमिमा आएकी छन् । त्यहाँ उनलाई कुनै पनि भौतिक कुराको असुविधा छैन । छोराबुहारीसँगै बसेकी छन् । सुत्नका लागि छुट्टै कोठा छ । नेपालमा हुँदा पनि पतिको मृत्यु भएपछि एक्लै नै थिइन् तर कुनै पनि समयमा टोलछिमेकीहरू साथमा हुन्थे । कुरा गर्दा होओस् वा काम गर्दा छिमेकको साथ टुट्दैनथ्यो । अझ मेलापर्वका बेला झन् रमाइलो हुन्थ्यो तर बिरानो भूमिमा उनलाई परिवारसँग बसे पनि घना जङ्गलभित्र एक्लै बसेजस्तो लागेको छ । जन्मभूमिमा हुँदा एक्लै भए पनि एक्लो महसुस भएको थिएन भने यहाँ खानपान, भाषा, संस्कृति आदि कुनै पनि कुरा नमिलेपछि उनलाई सुखसम्पन्नताका साथ छोराबुहारीसँगै बसे पनि एक्लो महसुस भएको छ ।

४. निष्कर्ष

आधुनिक नेपाली कथा नयाँ नयाँ शैली र कथ्यका साथ अगाडि बढिरहेको छ। पछिल्ला करिब तीन दशकयता नारीवाद, वातावरण, सवाल्टर्न, जनजाति, आदि विषयलाई आधार बनाई लेखिएका कथाहरू निकै मात्रामा प्रकाशित छन् । यस्ता कृतिहरूमध्ये केशवराज ज्ञवालको *अर्को भोर* कथासङ्ग्रह पनि एक हो । यसमा एकातर्फ वर्तमान समयमा नेपाली समाजमा देखिएका सकारात्मक र नकारात्मक पक्षको रोचक प्रस्तुति पाइन्छ भने अर्कातर्फ अमेरिकामा बस्ने नेपाली आप्रवासी (डायस्पोरा) का कथाव्यथालाई विषय बनाई लेखिएका कथा पाइन्छन् । यसैले प्रस्तुत सङ्ग्रहका कथा आप्रवासीय चेतनाले युक्त छन् । आप्रवासीय चेतनाले युक्त रचनाको विश्लेषण गर्ने आप्रवासीय समालोचना पद्धति विकसित भएको छ । यस समालोचनाले जन्मघरदेखि टाढा रहेका र मन लागेका बेला सहजै जन्मघर जान नसक्ने व्यक्तिका पीडा, विवशता, दुःख, त्रास अनि कर्मस्थल र जन्मघर दुवैतिर बाँडिएको मनस्थितिको अध्ययन गर्दछ । समग्रमा भन्दा यसले आप्रवासनका समस्या र त्यसले व्यक्तिमा पारेका प्रभावको अध्ययन गर्दछ । प्रस्तुत सङ्ग्रहका कथा पनि अमेरिकामा बस्ते नेपाली आप्रवासीद्वारा लेखिएका हुन् र यिनमध्ये चारवटा कथामा आप्रवासनका विविधखाले समस्या उजागर गरिएको छ । यसमा रहेका चौधवटा कथाहरूमध्ये ‘तीन बराबर पाँच’, ‘एक्वारियम’, ‘खत’ र ‘परस्युइट अफ ह्याप्पिनेस’ गरी चारवटा कथा आप्रवासीय चेतमा आधारित छन् । यिनमा आप्रवासीय साहित्यमा पाइने विविध प्रवृत्तिगत विशेषताहरूमध्ये ‘अतीतस्मृति’ (नोस्टाल्जिया), ‘चिन्ता र डर’, ‘द्वैध मानसिकता’ र ‘एक्लोपन वा बिरानोपनको अनुभूति’ पाइन्छन् । सङ्ग्रहका सबै कथा आप्रवासीसँग सम्बन्धित नभए पनि प्रस्तुत चारवटा कथा आप्रवासीका अधिकतम समस्या उजागर गर्न सफल रहेका छन् र अन्य विषयमा आधारित कथाभन्दा आप्रवासीय चेत भएका कथा बढी रोचक छन् । यिनले पाठकका मनमा छिटो प्रभाव पार्न सक्ने हुँदा उपर्युल्लिखित कथाहरू निकै प्रभावोत्पादक देखिन्छन् । यी कथाहरू सङ्ख्याका दृष्टिले हेर्दा थोरै देखिए पनि गुणात्मकताका दृष्टिले उच्च छन् । विषयवस्तु र भाषाशैलीका देष्टिले पनि रोचक र स्तरीय छन् ।

५. सन्दर्भसामग्री

एटम, नेत्र (२०६७), *नेपाली डायस्पोरा र अन्य समालोचना,* काठमाडौँ : एकता बुक्स् ।

गौतम, कृष्ण (२०६४), *उत्तरआधुनिक जिज्ञासा,* काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन ।

गौतम, लक्ष्मणप्रसाद (२०६७), उत्तरआधुनिक समालोचनामा कृति विश्लेषणका पद्धति र प्रारूप, *भृकुटी,* अङ्क १०,पृ.३८५-३९७ ।

ज्ञवाली, केशवराज (२०७९), *अर्को भोर,* दोस्रो संस्क., काठमाडौँ : शिखा बुक्स ।

पौड्याल, एकनारायण (२०७०),*समालोचनाको स्वरूप र पद्धति,* चितवन : विमर्श नेपाल ।

भट्टराई, गोविन्दराज (२०६४), *उत्तरआधुनिक विमर्श,* काठमाडौँ : मोडर्न बुक्स ।

मिश्र,भगीरथ (सन् २००७), *काव्यशास्त्र,* सत्रौँ संस्क.,वाराणसी : विश्वविद्यालय प्रकाशन ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६६), नेपाली साहित्यमा डायस्पोराको योगदान, *हाम्रो ध्वनि* (४/६), पृ.१३-२१ ।

लुइटेल, खगेन्द्रप्रसाद (२०७९), *डायस्पोराको सैद्धान्तिक स्वरूप,* काठमाडौँ : पैरवी प्रकाशन ।

Nyman, Jepi (2009). Introduction: Diaspora , Home, Writing*. In Home Identity and Mobility in Contemporary Diasporic Fiction*. Amsterdam :Textext PP. 9-34 .

Hua, A. (2005). Diaspora and Cultural Memory *. In Diaspora, Memory and Identity*, edited by Vijay Agnew. U of Toranto Canada : University of Toranto Press. PP. 191-208.

Israel, N. (2000). *Outlandish: Writing Between Exile and Diaspora*. Stanford: Stanford University.